# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


मिति : २०८१ बैशाख ३१ गते, सोमबार

**फोहरमैला व्यवस्थापन तथा संकलन सेवा शनिबार बन्द हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा रत्ननगर नगरपालिका र साझेदारी संस्था सफा उर्जा प्रा. लि. बिच सम्झौता भएनुसार यस नगर क्षेत्रमा उत्सर्जन हुने फोहोर मैला व्यवस्थापन गरिदै आएको व्यहोरा सम्पूर्ण नगरवासीहरुमा विदितै छ । फोहोर मैला व्यवस्थापन कार्य राज्यको विद्यमान परिप्रेक्षमा अत्यावश्यक सेवाको रुपमा रहेको छ । आफ्नो नगर स्वच्छ र सफा राख्नु नगरबासीको दायित्व र कर्तव्य पनि हो। यस सन्दर्भमा रत्ननगर नगरपालिका मार्फत श्री सफा उर्जा प्रा. लि.द्वारा फोहर मैला व्यस्थापन सम्बन्धि सेवा प्रदान यस नगरपालिकाको बजारी क्षेत्र वडा नं १, २ र १० मा दैनिक रुपमा भईरहेकोमा श्रम ऐन २०७४ को परिच्छेद ९ को दफा ४० मा साप्ताहिक विदा सम्बन्धी व्यवस्था भए बमोजिम फोरहमैला व्यवस्थापन कार्यमा कार्यरत श्रमिकहरुलाई प्रत्येक शनिबार विदा प्रदान गरिने हुँदा यस उपरान्त प्रत्येक शनिबार वडा नं १, २ र १० को बजारी क्षेत्रमा फोहरमैला संलकन कार्य नहुने हुँदा शुक्रबार साँझ घर तथा व्यवसायिक फर्म, पसलहरुबाट उत्सर्जित हुने फोहरमैला आफैले व्यवस्थापन गरि सडक तथा गल्लीहरुमा फोहरमैला बाहिर नराखि यस कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ। उक्त दिनको फोहरमैलाहरु आईतबार विहानबाट पुन: तोकिएकै समयबाट सेवा प्रवाह सुचारु हुने व्यवहोरा जानकारी गराईन्छ । यसबाट सेवाग्राहीहरुमा पर्न गएको असुविधा प्रति नगरपालिका क्षमा प्रार्थी छ।

OIC

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np